आज मिति २०८१ साल पौष महिनाको ०८ गतेका दिन बिहान ११:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ६० औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितीः

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

१. श्री धन बहादुर ओली — लेखा अधिकृत

२. श्री विष्णु प्रसाद पोखेल — प्रशासन शाखा प्रमुख

३. श्री ऋषिकेश भण्डारी — योजना शाखा प्रमुख

CS CamScanner

**नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु**

**बैठक संङ्ख्या नं.: ६०**
**मितिः २०८१/०९/०८**
**समयः बिहान ११:०० बजे**
**स्थानः नगरपालिका सभाहल**

**प्रस्तावहरुः**

१. अघिल्लो का.पा. बैठक समिक्षा सम्बन्धमा।
२. Energy efficiency कार्यविधि छलफल सम्बन्धमा।
३. कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम सम्बन्धमा।
४. औषधि खरिदको लागि बजेट व्यवस्थापन सम्बन्धमा।
५. शान्तीपार्कको रकम भुक्तानी सम्बन्धमा।
६. प्राविधिक भत्ता सम्बन्धमा।
७. अव्यवस्थित व्यापार नियन्त्रण सम्बन्धमा।
८. भुवर्गीकरणका लागि प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।
९. शिक्षक सरुवा सम्बन्धमा।
१०. नगरसभाको मिति तय गर्ने सम्बन्धमा।
११. नगर प्रहरीको आवेदन सम्बन्धमा।
१२. शिक्षक, विद्यालय कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।
१३. शिक्षक विज्ञापन सम्बन्धमा।
१४. ब्याकहोलोडर हेल्पर र बोलेरो चालक सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०८/२५ गते बसेको ५९ औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकको निर्णय नं. १३ मा गंगेश्वरी मा.वि. मा १ जना विद्यालय सहायक कर्मचारी संघिय बजेटबाट तलव भत्ता लिने गरि कोटा निर्धारण गर्ने, साथै निर्णय नं. १५ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि बेलवास आधारभुत स्वास्थ्य चौकी भवन निर्माण, तापाकोट शहरी स्वास्थ्य चौकी र बागसिङ कामिचार स्वास्थ्य चौकी भवन निर्माण थप गर्ने निर्णय गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा उर्जा प्रभावकारी तथा वातावरण मैत्री भवन निर्माण कार्यविधि, २०८१( **Energy efficiency**) लाई सर्वसम्मत पारित गर्ने र लागु गर्ने निर्णय गरियो।

**निर्णय नं. (३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम **रोड रिपियर एण्ड मेन्टिनेन्स** मा ५० दिनको तालिम दिने र सो शीर्षकबाट ज्यालामा खर्च हुने १३,३६,०००। ( तेह्रलाख छत्तिस हजार रुपैया) बजेट युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना बजेट शीर्षक नं. ३७१००१०३ क्रियाकलाप संकेत नं. २.७.३.८ रोजगारी सृजना (आ.डि.ए.) स्रोत बाट खर्च हुने गरि संचालन गर्ने निर्णय गरियो।

**विमल रिजाल**
**प्रमुख प्रशासकिय अधिकृत**

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. (४) प्रस्ताव नं.** ४ माथि छलफल गर्दा औषधि खरिदको आवश्यक बजेटको एकीन गरि आगामी हिउदे नगरसभाबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (५) प्रस्ताव नं.** ५ माथि छलफल गर्दा शान्तीपार्कको बाँकी रकम रु १,०१,३९,३६६। (एक करोड एक लाख उनान्चालीस हजार तिन सय छैसठ्ठी रुपैया) आगामी हिउदे नगरसभाबाट बजेट व्यवस्थापन गरि अन्य साझेदारी कार्यक्रमबाट भुक्तानी भएको रकम रु ५०,६०,०००। (पचास लाख साठी हजार) अनुमोदन गरि समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (६) प्रस्ताव नं.** ६ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको कार्यालयमा कार्यरत सिभिल तर्फका प्राविधिकहरु ईन्जिनियर छैठौ/सातौ तहको लागि ७,०००।, पाँचौ तहको लागि ६,०००। र चौथोको लागि ५,०००। र अमिन(चौथो) तहको लागि ४५०० फिल्ड भत्ता उपलब्ध गराउदै आएकोमा नयाँ आउने सिभिल तर्फका प्राविधिकहरुलाई पनि सोहि अनुसार फिल्ड भत्ता उपलब्ध गराउने साथै अमिनको लागि समेत चौथो तह सिभिल सरह ५,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (७) प्रस्ताव नं.** ७ माथि छलफल गर्दा नगरको मुख्य सडक, भित्री सडक तथा नालाको मापदण्ड भन्दा बाहिर रहेर बजार क्षेत्रमा अव्यवस्थित रुपमा व्यापार गरेका व्यापारिहरुलाई नगरको सडक मापदण्ड परिधिभित्र आउनको लागि ३५ दिने सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. (८) प्रस्ताव नं.** ८ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको जग्गाहरुको भुवर्गीकरण गर्न नगरस्तरीय भु उपयोग कार्यान्वयन समिति गठन गरि भुवर्गीकरणको कार्य सम्पन्न गर्न नगरपालिकाको जनशक्तिबाट सम्भव नभएकोले खरिद प्रक्रिया अनुसार परामर्शदाताबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. (९) प्रस्ताव नं.** ९ माथि छलफल गर्दा सुर्योदय माध्यामिक विद्यालय बेलवासमा रित्त रहेको प्रा.वि. तह तृतिय श्रेणीमा **शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१** अनुसार विज्ञापन भई तोकिएको समयावधिभित्र स्वर्गद्वारी नगरपालिका वडा नं. ६ अन्तर्गत संचालित श्री झुपाकोट प्रा.वि. थापाखर्कमा समान तह र श्रेणीमा कार्यरत शिक्षक श्री तुल्सीराम कालाथोकी (संकेत नं. ११७८२१) को मात्र आवेदन परेकोले निजलाई उक्त निर्देशिका अनुसार सुर्योदय मा.वि. बेलवासमा समान तह र श्रेणीमा सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१०) प्रस्ताव नं.** १० माथि छलफल गर्दा आ.व. २०८१/८२ को हिउदे नगरसभा २०८१ पौष महिनाको २५ गते दिउसो १:०० बजे स्वर्गद्वारी धर्मशाला जलुके गर्ने निर्णय गरियो ।

**निर्णय नं. (११) प्रस्ताव नं.** ११ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको कार्यालयबाट मिति २०८०।१०।०८ गते सूचना भई विज्ञापन (विज्ञापन नं. ९-२०८०/०८१ र १०-२०८०/०८१) भई संकलन भएका नगर प्रहरी हवल्दारको आवेदन संङ्ख्या ४ र नगर प्रहरी जवान आवेदन संङ्ख्या ०७ आवेदनहरुलाई नै अनुमोदन गरि नगर प्रहरी भर्नाका बाँकी चरण संचालन गर्ने साथै नगर प्रहरीको लागि आवश्यक बजेट नगरसभाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१२) प्रस्ताव नं.** १२ माथि छलफल गर्दा नगर शिक्षा समितिबाट पारितको लागि सिफारिस भएको **शिक्षक, विद्यालय कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१** सर्वसम्मत पारित गरि दरवन्दी मिलान सम्बन्धी कार्य गर्न आवश्यक पर्ने रकम नगरसभाबाट विनियोजन गर्ने निर्णय गरियो । साथै यो कार्यविधिको परिच्छेद ५ को दफा १४ को 'ग' को व्यवस्था बमोजिम नगरकार्यपालीकाको सदस्य श्री शारदा बुढाथोकीलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१३) प्रस्ताव नं.** १३ माथि छलफल गर्दा शिक्षक विज्ञापन सम्बन्धी विषयमा थप अध्ययन गरि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पिंजु, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. (१४)** प्रस्ताव नं. १४ माथि छलफल गर्दा ब्याकहोलोडर अपरेटर, हेल्पर र बोलेरो चालकलाई दैनिक ज्यालादारीको रुपमा नगर दररेट अनुसार रकम उपलब्ध गराउने साथै आ.व. २०८१/८२ को श्रावण देखि दैनिक ज्यालादारीको रुपमा बुझ्दै आएको रकम आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ६० औं कार्यपालिका बैठक सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

आज मिति २०८१ साल पौष महिनाको ०९ गतेका दिन बिहान ८:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ६१ औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

१. श्री विष्णु प्रसाद पोखेल

२. श्री ऋषिकेश भण्डारी

३. श्री बलराम श्रेष्ठ

प्रशासन शाखा प्रमुख

योजना शाखा प्रमुख

का.स

CamScanner

**नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु**

**बैठक संङ्ख्या नं.: ६१**
**मितिः २०८१/०९/०९**
**समयः बिहान ८:०० बजे**
**स्थानः नगरपालिका सभाहल**

**प्रस्तावहरुः**

१. अघिल्लो का.पा. बैठकको समिक्षा सम्बन्धमा।
२. खानेपानी तथा सरसफाई आयोजनाहरुको प्राथमिकिकरण सम्बन्धमा
३. निर्माणाधिन १५ सैया अस्पताल सम्बन्धमा।
४. पर्यटन रणनीति निर्माण गर्ने सम्बन्धमा।
५. घर नक्सा अभिलेखिकरण सम्बन्धमा।
६. भुकम्प र बाढी पहीरोका लागि राहत सम्बन्धमा।
७. का.पा बैठक २०८१।०५।२४ को निर्णय नं. ५ मा USAID PFM बाट प्रदान गरिएको ऐन कानून र कार्यविधि पारित सम्बन्धमा।
८. सडक मर्मतको बजेट व्यवस्थापन सम्बन्धमा।
९. विद्यालयको ४ कोठे भवन छनौट सम्बन्धमा।
१०. आगामी आ.व को लागी समपुरक र विशेष अनुदान माग सम्बन्धमा।
११. भुवनेश्वरी प्रा.वि को अधुरो भवन निर्माण सम्बन्धमा।
१२. शान्तीपार्कको उद्घाटन सम्बन्धमा।
१३. योजना संसोधन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०९/०८ गते बसेको ६० औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वियनका क्रममा भएको र कार्यान्वियन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वियन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा खानेपानी तथा सरसफाई आयोजनाहरुको प्राथमिकिकरणका लागि थप अध्ययन गरि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं. (३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा निर्माणधिन १५ सैयाको अस्पतालको विषयमा आवश्यक अध्ययन गरि अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं. (४) प्रस्ताव नं. ४** माथि छलफल गर्दा पर्यटन रणनीति निर्माणको लागि आवश्यक पर्ने रकम **परामर्श सेवा डि.पि.आर तथा अन्यसेवा शिर्षकको** २० लाख मध्ये ३ लाख खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. (५) प्रस्ताव नं. ५** माथि छलफल गर्दा मिति २०८१।०८।२५ गते बसेको नगरकार्यपालिका बैठकको निर्णय नं. ९ को घर नक्सा अभिलेखिकरण २०८१ चैत्र मसान्त सम्म साथै तेस्रो तला देखि माथिका तलाहरुको प्रति ब.फि.रु ९ अनुसार रहने निर्णय गरियो।

**बिमल रिजाल**
**प्रमुख प्रशासकिय अधिकृत**

CamScanner

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. (६) प्रस्ताव नं. ६** माथि छलफल गर्दा भुकम्प तथा बाढीपहिरोबाट प्रभावित भई नगरस्तरीय विपद व्यवस्थापन समितिबाट सिफारिस भएका निम्नअनुसारका ३० घरधुरीहरुलाई राहत दिने निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| क्र.स. | घरमुलीको नाम | ठेगाना | क्षति | हाल देखिएको अवस्था | जोखिम सम्बेदनशिलता | घरमुलीको आशय |
|---|---|---|---|---|---|---|
| १. | कमल घर्ति मगर | स्व. न. पा. २ धाप्सा | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | लिपपोत गरि टालेर जोखिम लिई बसेको | बस्न नमिल्ने | घर बनाउने सोचाई नरहेको |
| २ | जुद्ध बहादुर घर्ति मगर | स्व. न. पा. ३ नेवारे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | नयाँघर निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| ३ | श्रीधर घर्ति मगर | स्व. न. पा. ३ नेवारे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | नयाँघर निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| ४ | शेर बहादुर घर्ति | स्व. न. पा. ३ नेवारे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | नयाँघर निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| ५ | कालि घर्ति मगर | स्व. न. पा. ३ नेवारे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | नयाँघर निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| ६ | दुज बहादुर घर्ति | स्व. न. पा. | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| ७ | मन बहादुर घर्ति | स्व. न. पा. ३ नेवारे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| ८ | यम बहादुर रोका | स्व. न. पा. ३ किट धारा | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | तयारि नभएको |
| ९ | यमी घर्ति | स्व. न. पा. ३ गाब्धारा | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | तयारि नभएको |

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | गोविन्द रेग्मी | स्व. न. पा. ३ सयमुरे | घर जगबाटै धेरै ठाउमा गारो चिरा परेको | घर निर्माण गरेको | बस्न नमिल्ने | राहत माग |
| ११ | बुद्धि देवी कामि | स्व. न. पा. ३ सोंड | गारो भत्किएर ध्वस्त भएको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| १२ | मुगी देवी आले | स्व. न. पा. ३ दोमै | गारो भत्किएर ध्वस्त भएको केप्सुरमा गइ बसेको | घर निर्माणको तयारी गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| १३ | डोम बहादुर घर्ति | स्व. न. पा. ५ डाँफे धारा | धेरै ठाउमा गारो चिरा परेको | लिपपोत मर्मत गरि बसेको | बस्न नमिल्ने | तयारी नभएको |
| १४ | बेन बहादुर घर्ति | स्व. न. पा. ५ डाँफे धारा | धेरै ठाउमा गारो चिरा परेको | लिपपोत मर्मत गरि बसेको | बस्न नमिल्ने | तयारी नभएको |
| १५ | भुमा घर्ति | स्व. न. पा. ५ डाँफे धारा | धेरै ठाउमा गारो चिरा परेको | नयाँ निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| १६ | डोमा अधिकारि | स्व. न. पा. ५ तल्ला सारी | गारो भत्किएर ध्वस्त भएको | नयाँ निर्माण गरि बसेको | बस्न नमिल्ने | राहत माग |
| १७ | निर्मला सुनार | स्व. न. पा. ६ गरुम्प | धेरै ठाउमा गारो चिरा परेको | तेस्तैमा बसी तयारि गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| १८ | लाली सुनार | स्व. न. पा. ६ गरुम्प | धेरै ठाउमा गारो चिरा परेको | तेस्तैमा बसी तयारि गर्दै गरेको | बस्न नमिल्ने | राहत माग |
| १९ | दामोदर पुन मगर | स्व. न. पा. ६ थापा खर्क | जग सहित घर धेरै ठाउमा गारो चिरा परेको | अर्को स्थानमा टहरा बनाइ बसेको | बस्न नमिल्ने | राहत माग |
| २० | फुर्सा सुनार | स्व. न. पा.७ तापा | घरको भित्रि तर्फको भागहरु धेरै ठाउँमाचिरा परेको | लिपपोत गरि बसेको | बस्न नमिल्ने | कुनै तयारि नभएको |
| २१ | रमेश सुनार | स्व. न. पा. ७ तापा | एकातर्फको गारोको भाग पुरै चिरा परेको | घर बनाउने तयारि गरेको | बस्न नमिल्ने | राहत माग |
| २२ | तुकमान पुन | स्व. न. पा. ७ तापा | घरको बैठक चिरा परेको | पक्कि घर बनाएको | बस्न नमिल्ने | राहत माग |

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | दुर्गे थापा | स्व. न. पा. ७ तापा | घरको गारो धेरै ठाउमा चिरा परेको | लिपपोत गरि बसेको | बस्न नमिल्ने | कुनै तयारि नभएको |
| २४ | राम बहादुर पुन | स्व. न. पा. ७ तापा | थार जस्तो घरको गारो चिरा परी पूर्ण क्षति | अहिले मानिस छैनन् | बस्न नमिल्ने | कुनै तयारि नभएको |
| २५ | प्रविण भण्डारी | स्व. न. पा.७ तापा | घर ढलेर पूर्ण क्षति छ | मानिस अन्यत्रै बस्छन | बस्न नमिल्ने | राहत माग |
| २६ | सोभाराम जैसी | स्व. न. पा. ७ रानी टार | घर चिरा परेको छ | लिपपोत गरि त्यसैमा बस्छन | बस्न जोखिम छ | राहत पाउने भए सुत्ने बास सम्म बनाउथ्यौ भन्ने भनाइ छ। |
| २७ | शिव राज गोराथोकी | स्व. न. पा. ७ सोत्रे | धेरै ठाउ बाट घर चिरा परेको छ | बाहिर ओतमा सुत्ने गरेको | बस्न जोखिम छ | बनाउने तयारि , राहत माग |
| २८ | भूप बहादुर खत्री | स्व. न. पा. ८ बर्जिबाँग | घरको आधा भाग ढलेर पूर्ण क्षति | पुनर् निर्माण गरि बसेको | बस्न जोखिम छ | राहत माग |
| २९ | दिपा बिश्वोकर्मा | स्व. न. पा. ९ घन्टी खोला | घर धेरै ठाउमा चिरा परेको छ | घर लिपपोत गरि बसेको छ | बस्न जोखिम छ | माघमा घर बनाउने हो भन्छन राहत माग |
| ३० | दाम बहादुर बिश्वोकर्मा | स्व. न. पा. ९ घन्टी खोला | घर धेरै ठाउमा चिरा परेको छ | घर लिपपोत गरि बसेको छ | बस्न जोखिम छ | माघमा घर बनाउने हो भन्छन राहत माग |

**निर्णय नं. (७) प्रस्ताव नं. ७** माथि छलफल गर्दा USAID PFM बाट प्रदान गरिएको तपसिल बमोजिमका आचार संहिता, मानक र निर्देशिका आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो।

तपसिल

१. आन्तरिक लेखा परीक्षकको आचार संहिता, २०८१

२. लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय सभाका लेखा समितिहरुको लागि कार्य संचालन मानक, २०८१

३. नागरिक बजेट निर्देशिका, २०८१

**निर्णय नं. (८) प्रस्ताव नं. ८** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका भित्रका विभिन्न वडाहरुका बस्तीहरुमा नगरपालिकाको जेसिविले नभ्याउने देखिएकोले मर्मत गर्न बाँकी रहेका तपसिलका सडक मर्मत गर्न अपुग रकम रु ३,००,०००। यस स्वर्गद्वारी नगरपालिकाको मर्मत सम्भार कोषबाट खर्च गरि मर्मत गर्ने निर्णय गरियो।

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

बिमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

तपसिलः

| क्र.स. | मर्मत गर्ने सडकको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | बाह्रविसे डाडाकटेरी मोटर बाटो | १ | |
| २ | किमिचौर नेवार मोटर बाटो | ३ | |
| ३ | जुडापाटा पुनदिप कालीपोखरी मोटरवाटो | ९ | |
| ४ | गायखर्क भोल,स्यानीलेख | ५ | |

**निर्णय नं. (९) प्रस्ताव नं.** ९ माथि छलफल गर्दा **स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान** शिर्षकमा विनियोजन भएको बजेटबाट तपसिलका विद्यालयहरुमा ४ कोठे भवन निर्माण गर्ने निर्णय गरियो ।

तपसिलः

१. बालसंस्कृत मा.वि. धरमपानी स्व.न.पा २,

२. नेरा मा.वि कोचिबाङ् स्व.न.पा १,

३. उमामहेश्वरी मा.वि. स्व.न.पा ५, सारी

आगामी वर्षको लागि निम्नअनुसार प्राथमिकिकरण गर्ने निर्णय गरियो ।

१. विद्यानन्द मा.वि. स्व.न.पा ९, जुडापाटा

२. गंगेश्वरी मा.वि. स्व.न.पा ४, बाजिपुर

३. स्वर्गद्वारी आ.वि. स्व.न.पा ३, डाडाखर्क

**निर्णय नं. (१०) प्रस्ताव नं.** १० माथि छलफल गर्दा संघिय सरकार शशर्त अनुदान तर्फको समपुरक अनुदान र विशेष अनुदानबाट प्राप्त हुने बजेटबाट आगामी आ.व. २०८२/८३ यस नगरपालिका अन्तर्गत संचालन हुने आयोजना तथा कार्यक्रम आवश्यक अध्ययन गरि अर्को कार्यपालिका बैठकमा छलफल गर्ने नर्णय गरियो ।

**निर्णय नं. (११) प्रस्ताव नं.** ११ माथि छलफल गर्दा भुवनेश्वरी प्रा.विको अधुरो भवन निर्माणको प्रस्ताव आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१२) प्रस्ताव नं.** १२ माथि छलफल गर्दा निर्माण सम्पन्न स्वर्गद्वारी नगरपालिका वडा नं. ८, दहचौरमा अवस्थित शान्तीपार्कको उद्घाटन माघको पहिलो हप्ता गर्ने गरि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल अनुसारका प्रतिनिधिहरु सदस्य हुने गरि एक उद्घाटन समिति रहने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. श्री नर बहादुर वि.एम. | वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| ३. श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | सदस्य |

**निर्णय नं. (१३) प्रस्ताव नं.** १३ माथि छलफल गर्दा विभिन्न कठिनाई भई आ.व. २०८१/८२ का निर्माण कार्य सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रम संसोधन गनुपर्ने भएमा आगामी हिउदे नगरसभाको लागि २०८१ पौष २० गते भित्र नगरपालिकाको योजना शाखामा अनिवार्य पठाउने निर्णय गरियो ।

अन्त्यमा आजको ६९ औं कार्यपालिका वैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।

बिमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner